# भिमसेनथापा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खाञ्चोक, गोरखा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:०७७/०७८

च. नं.

मिति:२०७७/०५/०८

**कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागी भिमसेनथापा गाउँपालिकावासीहरुमा हार्दिक अपिल**

प्रस्तुत विषयमा गोरखा जिल्लाको कमाण्ड पोष्ट तथा कोभिड-१९ Crisis Management Center Operation को संयुक्त वैठकले जिल्लाभित्र कोरोना भाइरस संक्रमणको दर बढ्दै गईरहेको अवस्थामा मिति २०७७।०५।०१ गतेदेखि २०७७।०५।०७ गतेसम्म निषेधाज्ञा जारी भएकोमा जिल्ला प्रशासन कार्यालय गोरखामा मिति २०७७-०५-०७ मा वसेको जिल्लाको कमाण्ड पोष्ट तथा कोभिड-१९ Crisis Management Center Operation को संयुक्त वैठकले जिल्लामा सङ्क्रमण वढ्दै गईरहेको कारण जनस्वास्थ्यमा गम्भिर असर पर्न जाने तथा भयावय हुन सक्ने अवस्थालाई मध्येनजर गरी कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणको लागी तत्काल थप सतर्कता अपनाउनका साथै नेपाल सरकारले जारी गरेको स्वास्थ्य सुरक्षाको मापदण्डलाई कडाईका साथ पालना गर्ने गराउने गरी निषेधाज्ञा अवधिलाई मिति २०७७-०५-१४ गते मध्यरात १२ वजे सम्म कायम गर्ने भनी निर्णय भई आएको हुँदा यस गाउँपालिकाभित्र देहाय वमोजिमको व्यवस्था लागुहुने भएकोले सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

१. यस कार्यालयबाट प्रवाह हुने अत्यावश्यक वाहेकका अन्य सेवाहरु पुर्ण रुपमा वन्द गरिएको ।
२. अत्यावश्यक सेवा लिन आउने व्यक्तिहरुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्ने ।
३. गाउँपालिका भित्रका खाद्यान्न, औषधि र पेट्रोलियम पदार्थ वाहेकका सम्पुर्ण पसलहरु वन्द गर्ने ।
४. सार्वजनिक यातायात,निजी सवारी साधन (अत्यावश्यक प्रयोजनमा वाहेक) संचालनमा पूर्ण रुपमा बन्द गर्ने।
५. स्थानीयवासीहरु अत्यावश्यक काम वाहेक अन्य अवस्थामा घर वाहिर ननिस्कने ।
६. घर वाहिर निस्कनै पर्दा अनिवार्य रुपमा मास्क लगाउने ।
७. समुहमा नहिड्ने, भौतिक दुरी कायम गर्ने ।
८. मठमन्दिर, खेलमैदान लगायतका सार्वजनिक स्थलमा जम्मा नहुने , भिडभाड नगर्ने।
९. धार्मिक सांस्कृति र सामाजिक लगायतका कार्यको लागी भेला नहुने ।
१०. यस गाउँपालिका भित्र विदेश तथा देशका अन्य भागबाट मानिसहरु आएमा तत्काल क्वारेन्टाईनमा राखी गाउँपालिका, वडा कार्यालय, स्थानीय प्रहरी चौकी र स्वास्थ्य चौकीमा अनिवार्य रुपमा खवर गर्ने ।

२०७७/०५/०८

कृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत